महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०७९/८०

## नरहरीनाथ गाउँपालिका, कालिकोट

## ८०६६५५०२३००

## नरहरिनाथ गाउँपालिका , कालिकोट


https://nams.oag.gov.np

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
### कर्णाली प्रदेश लेखापरीक्षण निर्देशनालय
### काठमाडौं

प.सं.:२०८०/८१ मिति : २०८०-८-११

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
नरहरीनाथ गाउँपालिका, कालिकोट ,
नरहरिनाथ गाउँपालिका , कालिकोट

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को विनियोजन,राजस्व,धरौटी रअन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८०।०६।०४ मा छलफल पश्चात् तयार गरिएको पाना ४० को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरू समावेश गरी लेखाउत्तरदायी अधिकृत मार्फत कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

सर्वदा पण्डित
निर्देशक

बोधार्थ तथा कार्यार्थः
संघीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, info@mofaga.gov.np
कोष तथा लेखा नियन्त्रक कार्यालय,
कालीकोट, dtcokalikot@gmail.com
प्रदेश लेखा इकाई कार्यालय कालीकोट,
pfcokalikot@gmail.com

# परिचय

१ **परिचय**

**कार्यालय परिचय :-** संघ, प्रदेश एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु पालिकाको मुख्य उद्वेश्य हो ।अन्य उद्वेश्यहरुमा आय वृद्धि र उपभोग व्यवस्थापनबाट सबै क्षेत्रमा बचत गर्ने क्षमतामा अभिवृद्धि गर्नु, ज्येष्ठ नागरिकहरुको सम्मानजनक जीवनयापनका लागि आवश्यक सेवा सुविधा विस्तार गर्नु, ज्येष्ठ नागरिकप्रति परिवार, समुदाय र राज्यको दायित्वबोध गराउनु , स्थानीय स्वायत्त शासन तथा सहभागितामूलक पद्धतिका माध्यमबाट जनतालाई आधारभूत सेवा सुविधा उपलव्ध गराउनु रहेको छ । यस पालिकामा ९ वटा वडा रहेको छ भनें क्षेत्रफल १४३.८६ वर्ग किलोमिटर तथा जनसंख्या २४१८२ रहेको छ ।

**लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०५।२२ देखि २०८०।०५।२५ सम्म रहेको छ ।

**लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रू. ५९,४६,७४,३७५।००, राजश्वतर्फ रू. ५२,६८,५८९, धरौटीतर्फ रू. ८०,०१,५८९ , अन्य कारोबार, आय – व्यय, सम्पत्ति तथा दायित्वको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

२ **वित्तीय विवरण**

वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३१ | | | | | |
|---|---|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव | | | | | |
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५९,६५,७४,५२७.०० | ५२,९१,३२,९२९.३७ | | ५२,९१,३२,९२९.३७ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५९,४६,७४,३७५.०० | ५२,९१,३२,९२९.३७ | ० | ५२,९१,३२,९२९.३७ |
| ११००० कर | ११ | ९,५०,२८,५७५.०० | ७,७२,६९,१६५.३७ | ० | ७,७२,६९,१६५.३७ |
| १३००० अनुदान | | ४८,२२,३३,०००.०० | ४४,६५,९५,१७५.०० | ० | ४४,६५,९५,१७५.०० |
| संघीय सरकार | १२ | ४०,५८,२३,०००.०० | ३८,४१,५८,२८०.०० | ० | ३८,४१,५८,२८०.०० |
| प्रदेश सरकार | १२ | ७,६४,१०,०००.०० | ६,२४,३६,८९५.०० | ० | ६,२४,३६,८९५.०० |
| १४००० अन्य राजस्व | | ४०,००,०००.०० | ५२,६८,५८९.०० | ० | ५२,६८,५८९.०० |
| ३२००० वित्तीय सम्पत्ति | | १,३४,१२,८००.०० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १९,००,१५२.०० | | | |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | १९,००,१५२.०० | ० | ० | ० |
| धरौटी | | ० | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५९,६५,७४,५२७.०० | ४७,२१,७६,६०४.८३ | | ४७,२१,७६,६०४.८३ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५९,४६,७४,३७५.०० | ४७,०३,१८,६४२.८३ | | ४७,०३,१८,६४२.८३ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १५,२३,५२,०००.०० | १३,४२,६४,४४७.८३ | ० | १३,४२,६४,४४७.८३ |
| २२००० | १८ | १६,९१,७४,२०८.०० | १३,७८,९५,३४८.०० | ० | १३,७८,९५,३४८.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| मालसामान तथा सेवाको उपयोग | | | | | |
| २५००० सहायता (Subsidy) | १८ | ३,३५,६४,०००.०० | ३,३२,८९,७०७.०० | ० | ३,३२,८९,७०७.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ८४,४३,०००.०० | ६९,८१,३३३.०० | ० | ६९,८१,३३३.०० |
| २८००० अन्य खर्च | १८ | ३९,५८,३६७.०० | २४,८४,८९७.०० | ० | २४,८४,८९७.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २२,७१,८२,८००.०० | १५,५४,०२,९१०.०० | ० | १५,५४,०२,९१०.०० |
| घ. अन्य भूक्तानी | | १९,००,१५२.०० | १८,५७,९६२.०० | | १८,५७,९६२.०० |
| कोषहरु | | १९,००,१५२.०० | १८,५७,९६२.०० | ० | १८,५७,९६२.०० |
| धरौटी | | ० | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | | ५,६९,५६,३२४.५४ | | ५,६९,५६,३२४.५४ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १,५३,१२,९५२.०० | | १,५३,१२,९५२.०० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ७,२२,६९,२७६.५४ | | ७,२२,६९,२७६.५४ |
| | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ७,२२,६९,२७६.५४ | | ७,२२,६९,२७६.५४ |

**वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.११,६८,६२,०००।०० सुत्रमा लेखाङ्कन गरेको छैन साथै धरौटी समेत सुत्रमा छैन। जसले गर्दा सुत्रबाट

तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

**फरक हिसाब**–यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु१,५३,१२,९५२.०० , यस वर्षको प्राप्ति रु.५२,९१,३२,९२९.३७,यस वर्षको भुक्तानी रु४७,२१,७६,६०४.८३ र बैङ्क मौज्दात रु७,२२,६९,२७६.५४फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

**बैङ्क हिसाब विवरण** -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| **खाता** | **स्रेस्ताअनुसार मौज्दात रु.** | **बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.** | **फरक रु.** |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ५९८७३९९०।२५ | ६५००६६७८।०० | ५१३२६८७।७५ |
| चालु खर्च खाता | ७६३७०४४।२९ | ०।०० | ७६३७०४४।२९ |
| पुँजीगत खर्च खाता | ४७१६०५२।०० | ०।०० | ४७१६०५२।०० |
| विविध खर्च खाता | ४२१९०।०० | ४२१८९।५४ | ०।४६ |
| विपद व्यवस्थापन खाता | ०।०० | ०।०० | ०।०० |
| स्थानीय विभाज्य कोष | ०।०० | ०।०० | ०।०० |
| कर्मचारी कल्याण कोष खाता | ०।०० | ०।०० | ०।०० |
| धरौटी | ०।०० | ०।०० | ०।०० |
| ग११., आन्तरिक राजस्व खाता | ०।०० | ५९६९६९२।०० | ५९६९६९२।०० |
| ग१२., बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०।०० | १२५०७१७।०० | १२५०७१७।०० |
| जम्मा | ७२२६९२७६।५४ | ७२२६९२७६।५४ | ०।०० |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

**अनुदान फिर्ताः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८० असार मसान्तमा अनुदान खर्च नभई बाँकी रहेकोमा पालिकाले संघीय सरकारलाई रु. ३५२०३२९१ र प्रदेश सरकारलाई रु. २८५७६ गरी रु. ३५२३१८६७ फिर्ता गरेको छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **धरौटी फिर्ता**

गाउँपालिकाको गत वर्षको धरौटी अल्या रु.४०,१९,७५०।०० , यस वर्षको आम्दानी रु.३९,८१,८३९।०० समेत कुल आम्दानी रु.८०,०१,५८९।०० भएकोमा फिर्ता रु.२२,४५,१४६।०० गरी बाँकी मौज्दात रु.५७,७०,४४३।०० रहेको विवरण पेश गरेको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ बमोजिम निर्माण व्यावसायीको रिटेन्सन मनि वापत विलबाट कट्टि गरी राखेको

रकम फिर्ता गर्दा आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गरेपछि मात्र दिनुपर्ने व्यवस्था छ । तर पालिकाले अनुसुची बमोजिमका निर्माण व्यवसायीहरुलाई मु.अ.कर समायोजन गरेको पत्र वेगर माग गरेको आधारमा धरौटि फिर्ता गरेको देखिएकोले अनुसुचीमा उल्लेखित विभिन्न फर्महरुको मु.अ.कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,९२,९०१.७ |

## ४ अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता

अनुदान फिर्ताः संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८० असार मसान्तमा अनुदान खर्च नभई बाँकी रहेकोमा पालिकाले संघीय सरकारलाई रु. ३५२०३२९१ र प्रदेश सरकारलाई रु. २८५७६ गरी रु. ३५२३१८६७ फिर्ता गरेको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ५ बजेट तथा कार्यक्रम

५.१ क्षेत्रगत बजेट र खर्चःस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ । स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| | | | जम्मा खर्चको तुलनामा |
| आर्थिक विकास | ३१८८०३८० | २३१३६२७९ | ४.९२ |
| पूर्वाधार विकास | १५२०४८०७० | १०७९५७३९५ | २२.९६ |
| सामाजिक विकास | २४८५६७१०४ | २०४७३९६९३ | ४३.५३ |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २०३१२२५० | १९१५०७८८ | ४.०७ |
| अन्य कार्यालय संचालन तथा प्रशासनिक | १८१८६६५७१ | ११५३३४४९६ | २४.५२ |
| | ६३४६७४३७५ | ४७०३१८६५१ | १०० |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रमा सबैभन्दा कम ४.०७ प्रतिशत र सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४३.५३ प्रतिशत बजेट विनियोजन गरी खर्च गरेको छ । त्यसैगरी पूर्वाधार विकासमा पालिकाले २२.९६ प्रतिशत मात्र बजेट खर्च गरेको छ । तसर्थ, पालिकाले समानुपातिक विकास हुने गरी रोजगारी सिर्जनाको क्षेत्रमा जोड दिएर पूँजीगत विकासमा जोड दिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५.२ आयको प्रक्षेपण तथा वितरणको खाकाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन गर्नुपर्ने र समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा

कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने तथा बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन बमोजिम स्रोत अनुमान तथा बजेट निर्धारण समिति गठन गरेको भएतापनि विषयगत क्षेत्रको बजेट तर्जुमा तोकिएको समयभित्र गरी बजेट सीमा विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराएको छैन । पालिकाले ऐन बमोजिम चरणबद्ध रुपमा स्रोत अनुमान सहितको बजेट तर्जुमा गरी तोकिएको समयमा नै विषयगत शाखा तथा वडा समितीलाई जानकारी गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५.३ बजेट पेश, पारित र अख्तियारीः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष ज्युबाट मिति २०७९।३।१० गते रु. ५९ करोड ४६ लाख ७४ हजार बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।३।१२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.४ चौमासिक खर्चः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

(रु. हजारमा)

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | आषाढ महिना |
| चालु खर्चतर्फ | ३१४९१५ | ४७६५२ | ९२२४५ | १७५०१८ | १०२८१९ |
| पूँजिगत खर्चतर्फ | १५५४०२ | २५० | ११९८२ | १४३१७० | ९९४३१ |
| जम्मा | ४७०३१७ | ४७९०२ | १०४२२७ | ३१८१८८ | २०२२५० |
| प्रतिशत | १०० | १०.१८ | २२.१६ | ६७.६६ | ४३.०० |
| पूँजिगत प्रतिशत | १०० | ०.१६ | ७.७१ | ९२.१३ | ६३.९८ |

कार्यालयले तयार गरेको बार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा कार्यक्रम संचालन गरी खर्च गर्नु पर्दछ । कार्यालयले प्रथम चौमासिकमा १०.१८, दोश्रो चौमासिकमा २२.१६, तेश्रो चौमासिकमा ६७.६६ तथा आषाढ महिनामा मात्र ४३.०० प्रतिशत खर्च गरेको देखियो । त्यस्तै, कार्यालयले पुँजिगत तर्फ प्रथम चौमासिकमा ०.१६, दोश्रो चौमासिकमा ७.७१, तेस्रो चौमासिकमा ९२.१३ प्रतिशत र आषाढ महिनामा मात्र ६३.९८ प्रतिशत खर्च गरेको देखियो । यसरी आषाढ महिनामा अत्याधिक खर्च गर्दा गुणस्तर एवं वित्तीय शुद्धतामा समेत नियन्त्रण परीक्षण हुन नसक्ने भएकोले सन्तुलित रुपमा खर्च गरिनु पर्दछ । तसर्थ खर्च गर्दा चौमासिक रुपमा सन्तुलन मिलाएर खर्च गरिनु पर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५.५ योजनाको आन्तरिकिकरण र सामञ्जस्यताः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा बमोजिम आवधिक योजना, मध्यमकालिन, दीर्घकालीन विकास योजना, आयोजनाको प्राथमिकिकरण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति , लक्ष्य र प्रक्रिया तथा दिगो विकास लक्ष्यको आन्तरिकिकरण र सामञ्जस्यता गर्नुपर्नेमा पालिकाले गरेको छैन । तसर्थ, यस सम्बन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ६ संगठन तथा कर्मचारी व्यवस्थापन

६.१ तलवि प्रतिवेदन पारित नगरेकोःनिजामती सेवा ऐन २०४९, को दफा ७(ख), स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | तर कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकोले कर्मचारीहरुको ग्रेड वापतको रकम समेत एकिन गर्न सकिएन । पालिकाले तलबी प्रतिवेन पारीत गरेर मात्र तलब भत्ता खर्च लेख्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६.२ कर्मचारी दरबन्दी र पदपूर्तिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको जम्मा स्वीकृत दरबन्दी संख्या ३७ रहेकोमा ३० जना कर्मचारीको पदपूर्ति भएकोमा ७ जना कर्मचारी रिक्त रहेको छ । त्यसैगरी पालिकाको ९ वडा कार्यालयहरुको लागि ९ जना वडा सचिवको दरबन्दी रहेकोमा सबै रिक्त रहेकोमा विभिन्न कर्मचारीहरुलाई जिम्मेवारी दिई काम लगाएको देखियो । जनताको प्रत्यक्ष सेवा प्रवाह गर्ने वडा सचिव जस्तो जिम्मेवारीपूर्ण पदमा लामो समय अन्य शाखाका कर्मचारीबाट काम लगाउँदा पालिकाबाट जनतामा प्रवाह हुने सेवाको गुणस्तर र जिम्मेवारीमा असर पर्दछ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने देखिन्छ । अतः रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सँगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा १४ जना कर्मचारीहरू करारमा राखी रु. ५४९६००० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टिसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा करार नियुक्ति गरी खर्च लेखेको देखिन्छ । अतः पालिकाले कानूनले तोकेको पदमा मात्र करारमा कर्मचारी नियुक्ति गर्नुपर्दछ । ऐन विपरीतका पदमा करारमा राखी खर्च गरेको अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ५४,९६,००० |

६.४ अवकाश कोषः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था बमोजिम अवकाश कोषको स्थापना गरेको देखिएन ।

सैद्धान्तिक बेरुजु

७ **आर्थिक सहायता र अन्य विविध खर्च**

७.१ विविध खर्चः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना खाजा लगायत विविधतर्फ मात्र रु. २५०००००० खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ र त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैँन । तर पालिकाले यस वर्ष २२ जनालाई रु. २४५००० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता वितरणका लागि कार्यविधि स्विकृत गरेर ठोस आधारमा सहायता दिने व्यवस्था लागु गरी दिने तथा आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । यि मध्ये केहिका उदाहरण निम्न रहेका छन।

| गो भौ न मिति | नाम | रकम |
|---|---|---|
| ५१७।०२।३१ | पूर्ण बहादुर विष्ट | ५००० |
| २१७।१०।१८ | लाल बहादुर विष्ट | ४००० |
| १८७।१०।१२ | अम्ब प्रसाद उपाध्याय | ६००० |
| १८६।१०।१२ | मन बहादुर सहकारी | ८००० |
| १८४।१०।१२ | नरेन्द्र विष्ट | ६००० |
| १७६।१०।१० | रंगे दमाई | १०००० |
| १३१।०९।१९ | जयपुरा वि क | ५००० |
| १२९।०९।१९ | गुमाने वि क | ५००० |
| ३१।०६।१४ | हँस कामि | १५००० |

सैद्धान्तिक बेरुजु

८ **सम्पत्ति उपयोग र संरक्षण**

८.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा साविकको गाउँ विकास समितिको चल अचल सम्पत्ति, दायित्वको सम्पूर्ण अभिलेख समेत देखिने गरी एकिकृत अभिलेख तयार भएको छैन । पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा सम्पूर्ण हस्तान्तरित चल अचल सम्पत्ति तथा दायित्वको अभिलेख प्रविष्टि गरी एकीकृत अभिलेख प्रतिवेदन तयार गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८.२

सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोगः पालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको प्रभावकारी र औचित्यपूर्ण प्रयोग गर्नु पर्दछ । पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड नबनाएको र सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन नगरेको पाईयो । गाउँपालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८.३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ । यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार गरी प्रतिवेदन गर्नुपर्दछ । कार्यालयले मर्मत संभार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको छुट्टै विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको छैन । तसर्थ, नियमावली बमोजिम जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ९ शिक्षा

९.१ राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याकंन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन्

- सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।
- प्रतिवेदन सार्वजनिक गरेको छैन ।

तसर्थ, पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९.२ राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सिमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन् ।

- निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।
- शुल्क निर्धारण र त्यसको कार्यान्वियनको अनुगमन गरेको छैन ।
- अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि ।

अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९.३ पालिकाले शैक्षिक गुणस्तर मापनको मापदण्ड बनाई सो बमोजिम भए नभएको अनुगमन गरी प्रतिवेदन तयार गरी सार्वजनिक गर्नुपर्नेमा शैक्षिक गुणस्तर मापनको बनाएको छैन । उक्त मापदण्ड बनाई सोको कार्यान्वियन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## १० **आन्तरिक नियन्त्रण प्रणाली**

१०.१ कार्यालयले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरी स्रेस्ता राख्नुपर्दछ । पालिकाले निम्नानुसार बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरेको पाइएन ।

-म.ले.प. फाराम ८०१ – बेरुजु लगत

-म.ले.प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन

-म.ले.प. फाराम ८०३ – बेरुजुको केन्द्रीय कार्यालयगत लगत

-म.ले.प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रीय प्रतिवेदन

-म.ले.प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख

तसर्थ, स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०.२ सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control) Developer सँग नै रहेको, प्रवेश नियन्त्रण (access control) अन्तिम रुपमा कार्यालयको आई.टी शाखामा मात्र रहेको पाईयो । कार्यालयले आन्तरिक नियन्त्रण कायम हुने गरी राजश्व सम्वन्धी अवस्थाको प्रवेश नियन्त्रण (access control) राजश्व संकलन गर्ने व्यक्ति, लेखा राख्ने व्यक्ति र कार्यालय प्रमुख समेतमा रहने गरी विकास गरिनु पर्दछ । कार्यालयको सफ्टवेयर संचालन सम्बन्धी समग्र अवस्था निम्नानुसार रहेको छः

• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्वतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको,

• सूचना प्रविधी पद्वतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वियन नगरेको,

• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको,

• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको ।

तसर्थ, कार्यालयले सूचना प्रविधी नियन्त्रण वातावरणमा आन्तरिक नियन्त्रण कायम गरी स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी राजश्व तथा अभिलेख व्यवस्थापन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१०.३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ५, दफा २७ बमोजिम कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपेने र सरकारलाई प्राप्त हुने राजश्व र सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले तोकिए बमोजिमका म.ले.प फारामहरुको प्रयोग गरी विवरण तयार गरेको छैन । साथै निम्नबमोजिम राजश्व फारामहरु नराखेकोले आन्तरिक नियन्त्रण हुने गरी तोकिए बमोजिमका निम्नानुसार फारामहरु अनिवार्य प्रयोग गरी राजश्वको लेखा राख्नु पर्दछ ।

• नगदी प्राप्ति रसिद म.ले.प फाराम नं. १०१
• दैनिक राजश्व/आम्दानी खाता म.ले.प फाराम नं. १०२
• राजश्व/आम्दानीको शिर्षकगत खाता म.ले.प फाराम नं. १०४
• राजश्व/आम्दानीको गोश्वारा खाता म.ले.प फाराम नं. १०५
• राजश्व/आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०६
• राजश्व/आम्दानीको दैनिक बैँक भौचर प्राप्त गोश्वारा खाता म.ले.प फाराम नं. १०७

कर तथा शुल्क असुलीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकाले असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१०.४ स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा नगरेको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको,

• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको,

• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको,

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,

• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको,

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,

• सचिवालय सहायकलाई अत्याधिक भ्रमण खर्च भुक्तानी गरेको,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेको

• अधुरा आयोजनाको समिक्षा नगरेको आदि ।

सैद्धान्तिक बेरुजु

१०.५ भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमणमा खटिने पदाधिकारीहरुको भ्रमण अभिलेख तयार गर्नुपर्ने, भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै कार्यालयले कर्मचारीहरुको भ्रमण स्वीकृत गरी खर्च गर्दा औपचारिक भ्रमण प्रतिवेदन तयार गरी भ्रमण अभिलेख तयार गरेतापनि निम्नानुसारको म.ले.प फारामहरुको प्रयोग गरी विवरण तयार गरी अभिलेख राखेको पाईएन ।

• म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको,

• म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको,

• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको ।

अतः कार्यालयले भ्रमण खर्चमा आन्तरिक नियन्त्रण हुने गरी उपरोक्तानुसारका स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ११ वित्तीय विवरण परीक्षण

११.१ आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्थाः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११.२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ अनुसार कार्यालयमा बाँकी रहेको धरौटी रकमको व्यक्तिगत अभिलेख राखेको हुनुपर्दछ । तर कार्यालयले धरौटीको व्यक्तिगत कच्चावारी अभिलेख तयार गरेको देखिएन । अतः व्यक्तिगत धरौटीको कच्चावारी अभिलेख तयार गरी धरौटी मौज्दात रकम अध्यावधिक गरिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## १२ कानून निर्माण एवं कार्यान्वयन

१२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार आवश्यक ऐन नियम स्वीकृत भए नभएकोकानून र सञ्चालन स्थितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ५ वटा ऐन, १ वटा नियमावली, २ वटा निर्देशिका र १३ कार्यविधि गरी २१ वटा कानुन र कार्यविधि लगायत निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । यस पालिकाले आवश्यक अन्य कानून निर्माण गरेको छैन् । तसर्थ, आवश्यक सवै कानूनहरु तर्जुमा गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी रहेको २५ र यो बर्ष थप भएको ३ गरी कुल २८ विवाद दर्ता भएकोमा ४ वटा मात्र फछ्र्यौट भएको र २४ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## १३ खरिद तथा ठेक्का अभिलेख

खरिद इकाईः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १६ मा सार्वजनिक निकायले खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकृतिको आधारमा आवश्यकता अनुसार खरिद महाशाखा, शाखा वा इकाईको स्थापना गर्नुपर्ने र उक्त महाशाखा, शाखा वा इकाईको प्रमुखको जिम्मेवारी वहन गर्नुपर्ने गरी खरिद अधिकारी तोक्नुपर्नेमा कार्यालयले सोको स्थापना गरेको देखिएन । अतः कार्यालयले खरिद इकाई वा शाखा स्थापना गरी खरिदलाई व्यवस्थित बनाउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

## १४ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार तोकिएको म्यादभित्र पेश्की फछ्यौट गर्नुपर्ने र नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाको गत आर्थिक वर्ष सम्मको फछ्यौट गर्न बाँकी पेश्की रु. १९,७१,५९२।- र चालु आर्थिक वर्षको रु. ३,००,०००/- पेश्की बाँकी रहेको देखिन्छ । म्याद नाघेको पेश्की आर्थिक वर्षको अन्तसम्म फछ्यौट नभई बाँकी जम्मा रु २२,७१,५९२।- रहेको देखिन्छ । पालिकाले फछ्यौट नभई बाँकी रहेको पेश्की नियमावलीमा भएको व्यवस्था बमोजिम फछ्यौट गर्नुपर्ने रु.

| गो भौ न मिति | पेश्कीको विवरण | पेश्की लिनेको नाम | पेश्की बाँकि | |
|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको |
| ठेकेदार पेश्की | | | | |
| १४२।०७९।०४।०१ | सडक निर्माण | धोदुङ्ग / वसना जे भी | | १९७१५९२ |
| कार्यक्रम | | | | |
| ३५६।०७९।११।२६ | करार सेवा शुल्क | नेपाल पत्रकार महासंघ | | ३००००० |
| जम्मा | | | | २२७१५९२ |

| प्रमाण पेश नगरेको | २२,७१,५९२ |
|---|---|

## १५ सेवा प्रवाह विवरण

लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार आ.व. २०७९।८० मा पालिकाबाट निम्नानुसार सेवा प्रवाह गरेको देखिन्छ ।

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | १६१० |
| मृत्युदर्ता | ११२ |
| बसाईसराई दर्ता | ८८ |
| विवाह दर्ता | १५२ |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ० |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

सैद्धान्तिक बेरुजु

१६ **सार्वजनिक सुनवाई** (९०१-२०८०-२-२):

**सार्वजनिक सुनुवाई :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा ३४ को उपदफा (१) र (२) मा व्यवस्था भए बमोजिम नरहरिनाथ गाउँपालिकाको वार्ड समितिले प्रत्येक त्रैमासिक रुपमा कम्तिमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाईवाट प्राप्त गुनासा तथा सुझावहरु सम्बोधनको गर्न नसकिने खालका स्थानीय तह कार्यालयमा पठाउनु पर्ने छ । नरहरीनाथ गाउँपालिकाको कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम संचालन गरेको पाइएन । गाउँपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **एम. आई.एस. प्रणाली** (९०१-२०८०-६-७):

**एम.आई.एस. प्रणाली :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा ३४ को उपदफा (१) र (२) मा व्यवस्था भए बमोजि एम.आई.एस. प्रणाली प्रयोग गरेको देखिएता पनि वडा कार्यालयमा रहेको फोटो सहितको अध्यावद्यिक मूल अभिलेख खाता आन्तरिक लेखापरीक्षण गर्दा सम्म पनि पेश नहुँदा भत्ता वितरणको भरपाई भिडान गरी खर्चको यर्थाथता पहिचान गर्न सकिएन ।

सैद्धान्तिक बेरुजु

१८ **आन्त्ररिक आय**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २७ अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने र १० दिन भन्दा ढिलो गरी दाखिला गरेमा १० प्रतिशतले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार विभागिय कारवाही गरिने उल्लेख रहेको छ। यो वर्ष लेखापरीक्षणका क्रममा पेश गरेका विभिन्न नम्वरका रसिद ठेलि अनुसारको आम्दनी र दाखिला रकम फरक पर्न गएको छ। त्यस्तै पालिकाले आन्तरिक राजश्वको प्रविष्टि सुत्रमा नगर्दा आन्तरिक राजश्वको यथार्थता यकिन गर्न सकिएन। पालिकाले आफ्नो प्रत्येक राजश्व आम्दानीको यर्थाथ विवरण सुत्रमा प्रविष्टि

गर्नुपर्दछ । अनुसूचीमा उल्लेखित विभिन्न शिर्षकगत आम्दनी र दाखिलाको विषयमा पालिकाले आवश्यक छानवीन गरी राजस्व यकिन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१९ **घटि दाखिला**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २७ अनुसार जिम्मावेर व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने र १० दिन भन्दा ढिलो गरी दाखिला गरेमा १० प्रतिशतले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार विभागिय कारवाही गरिने उल्लेख रहेको छ ।यो वर्ष लेखापरीक्षणका क्रममा पेश गरेका विभिन्न नम्वरका रसिद ठेलि अनुसार रु १७५११९९२.२२ राजश्व असुल गरेको , दाखिला रकम रु १५५३४७५.२०, दाखिला गर्न बाँकी रकम जरिवाना सहित रु २१८३६८.७२२ देखिन्छ। विभिन्न वडा र शाखाहरुबाट भएको आम्दनीहरु अनुसुचीमा उल्लेख भएअनुसार उक्त रकम सम्बन्धितबाट असुल गरी गाउँपालिकाको आन्तरीक राजस्व खातामा दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | २,१८,३६८.७ |
|---|---|

२० **भुक्तानी कारोवारको सिफारीस**

भुक्तानी कारोवारको सिफारिस :आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा २५ र नियमावली,२०७७ को नियम ३९ मा भुक्तानीलाई व्यवस्थित र प्रभावकारी बनाउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले भुक्तानीको लागि बिल,भरपाई र आवश्यक कागजात संलग्न गरी प्राविधिक तथा अन्य शाखाबाट भुक्तानी कारोवारको सिफारिस पत्र (म.ले.प.फा.नं.२०२) सिफारिस भै आर्थिक प्रशासन शाखामा प्राप्त भएपछि मात्र भुक्तानी गर्नुपर्नेमा सो नगरिएकोले म.ले.प.फा.नं.२०२ बमोजिम राखी भुक्तानी दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **फोटोकपी बिलमा भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय नियमावली २०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । पालिकाले तपशील बमोजिमको सक्कल बिल पेश नगरी फोटोकपी बिलका आधारमा दिएको भुक्तानीलाई नियमसम्मत मान्न नसकिने हुँदा सक्कल बिल भर्पाई पेश हुन नसकेमा सम्बन्धित फर्म/संस्थासँग असुलउपर गर्नुर्ने रु

| गो.भौ. नं. र मिति | शीर्षक | भुक्तानी पाउनेको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| ३४,२०७९।१२।०२ | प्रदेश समपूरक साझेदारी | मेन स्ट्रिम कन्सल्टेन्ट एण्ड कम्पनी प्रा.लि. (६०५९३९०८०) | १८५४६१५।०० | बिजक ०१, २०७९।१०।१९ |
| ७३,२०८०।०२।०८ | सैन्यखोला देखि नुवादेवमाडुसम्म सडक निर्माण | शाश्वत कन्स्ट्रक्सन (३०२५००८७५) | ५१,६१६।०० | इन्सुरेन्स बिल |
| १४८,२०८०।०३।०४ | पिपलरुखदेखि थाडिमाडु उच्छव रामारोशन सडक निर्माण | एस के डि कन्स्ट्रक्सन एण्ड सप्लायर्स (६०९८४२७७९) | २१,१९४।३३ | इन्सुरेन्स बिल |
| २३६,२०८०।०३।२१ | नुवादेवमाडु देखि सैन्यखोलासम्म नयाँ सडक निर्माण | उमेश निर्माण सेवा (३०१६९८६९५) | १७४६१।०० | इन्सुरेन्स बिल |
| **जम्मा** | | | **१९,४४,८८६।३३** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १९,४४,८८६.३३ |

२२ **ठेक्का व्यवस्थापन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ७ देखि ६२.१२ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण अनुसूची मा उल्लेख छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२३ **पुँजिगतबाट व्यक्तिलाई भूक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र नियमावल, २०७७ मा पुँजिगत खर्चको भुक्तानी ब्यक्तिलाई दिन मिल्ने कुनै कानुनी ब्यव्स्था छैन । तर गाउँपालिकाले गो भौ न २३९ बाट रु ४९५५० विपिन प्रसाद भट्राइलाई र २७४ बाट रु ५००००० विभिन्न कर्मचारीहरुलाई फिल्डभत्ता वितरण गरी जम्मा रु ५४९५५०।०० खर्च गरेको छ। उक्त खर्चको भुक्तानीलाई नियमसगत मान्न नसकिएको रु

| | | | | |
|---|---|---|---|---|
| गा.पा.पूँजीगत २३९,२०८०।०३।२१ | वडा नं २ स्वास्थ्य केन्द्र मर्मत (अमानत) | बिपिनप्रसाद भट्टराई | ४९,५५०।०० | |
| गा.पा.पूँजीगत २७४,२०८०।०३।२४ | प्राविधिक कर्मचारीहरुलाई फिल्डभत्ता | विभिन्न कर्मचारी | ५,००,०००।०० | |
| जम्मा | | | ५४९५५०।०० | |

| | |
|---|---|
| अनियमित भएको | ५,४९,५५० |

२४ **गाउँपालिकाको कार्यालय भवन निर्माणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार जटिल प्राविधिक क्षमता आवश्यक पर्ने भवन निर्माण उपभोक्ता समितिबाट गर्न नमिल्ने व्यवस्था रहेको छ। जस्तै नियम ९७(१२) मा निर्माण कार्य सम्पन्न भएपछि निर्मित संरचाना मर्मत सम्भारको जिम्मवारी समेत उपभोक्ताको हुनेगरी हष्तानन्तरण गर्ने व्यवस्था छ। गाउँपालिकाले भवन उपभोक्तालाई हष्तानन्तरण गर्ने मिलने प्रकृतिको नभएकोले यस्तो कार्य कार्य उपभोक्ता समितिलाई दिन मिल्दैन। तर पालिकाले लागत अनुमान ९९,९९,६९४।६५ तयार गरी मिति २०७९।१२।२७ मा उपभोक्ता समितिसँग सम्झौता गरेको देखिन्छ ।साथै पहिलो रनिङ्ग बिलवापत गा.पा.पूँजीगत गो.भौ. नं. ११०,२०८०।०२।१८ बाट रु. १८,६८,३५७।०० र अन्तिम बिलवापत गा.पा. पूँजीगत गो.भौ. नं. २६८, २०८०।०३।२४ बाट रु. ५१,६९,२१२।०० गरी जम्मा रु. ७०,३७,५६९।०० उपभोक्ता समितिलाई दिएको भुक्तानी लगेको देखिन्छ । पालिकाले पुनः गाउँपालिकाको कार्यालय भवन शीर्षकबाट तपशील बमोजिमका व्यक्ति/संस्थालाई सोझै खरिद माध्यमबाट काम गराएको भुक्तानी दिएको देखिन्छ। सार्वजनिक खरीद नियमावली , २०६४ को नियम ३१ बमोजिम वोलपत्रको माध्यमबाट गर्नुपर्नेमा टुक्रा टुक्रा गरी विभिन्न माध्यमबाट खरीद गरेको नियमित नदखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९०,७४,५७० |

२५ **अमानतबाट काम गराएको कार्य**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४५ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९८ मा अमानतबाट कार्य गराउन सकिने र सोको लागि कार्यविधि बनाई खरिद कानूनको पूर्ण पालना गरी सामाग्री खरिद गर्ने र ज्यालामा काम गराउन सकिने व्यवस्था गरेको छ । तर पालिकाले देहायका योजनाहरुमा बजेट विनियोजन गरी सिधै अमानतबाट गराउने भनि कार्यपालिकाबाट निर्णय गराई वडा सचिवहरुलाई भुक्तानी दिएको देखिन्छ। वडा सचिबको जिम्मेवारीमा योजनाको मर्मत निर्माण गर्ने कार्य नपर्ने देखिन्छ। यस्तो खर्च प्रकृतिलाई कानुन सम्मत मान्न सकिएन । अनियमित खर्च रु

| गो.भौ. नं. र मिति | विवरण | भुक्तानी पाउनेको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| ७९,२०८०।०२।१२ | फलाटेगडा खानेपानी मर्मत | सनल बहादुर बटाला ७ नं वडा सचिव | ५७,६००।०० | |
| ७८,२०८०।०२।१२ | ढोसिल्ले खानेपानी मर्मत | सनल बहादुर बटाला ७ नं वडा सचिव | ४७,४०७।०० | |
| ८२,२०८०।०२।१४ | मंगलासैनी मा वि देखि सितलासम्म घोरेटो बाटो निर्माण | मीन बहादुर विष्ट ८ नं वडा सचिव | ४७,५००।०० | |
| ८३,२०८०।०२।१४ | विच्छेखानी ठाडाबाट बाटो निर्मान | मीन बहादुर विष्ट ८ नं वडा सचिव | ४७,४००।०० | |
| ८४,२०८०।०२।१४ | मंगलासैनी मा वि खानेपानी मर्मत तथा सम्भार | मीन बहादुर विष्ट ८ नं वडा सचिव | ४७,४००।०० | |
| ८५,२०८०।०२।१४ | स्वास्थ्य चौकी लालुको सेफ्टी ट्याङ्की निर्माण | मीन बहादुर विष्ट ८ नं वडा सचिव | ४७,१९७।०० | |
| ८७,२०८०।०२।१४ | ओखलढुङ्गा पानीखाल खानेपानी ट्याङ्की निर्माण | मीन बहादुर विष्ट ८ नं वडा सचिव | ९४,३५०।०० | |
| ८८,२०८०।०२।१४ | खिरपैती घोरेटो बाटो मर्मत | मीन बहादुर विष्ट ८ नं वडा सचिव | ९४,८६०।०० | |
| ९०,२०८०।०२।१४ | माङ्गलेपानी धारो निर्माण | महेश विष्ट ३ नं वडा सचिव | ४७,९००।०० | |
| ९३,२०८०।०२।१४ | जडेमुला खानेपानी मर्मत | महेश विष्ट ३ नं वडा सचिव | ९४,७४०।०० | |
| ९६,२०८०।०२।१७ | चौथीकोटबाट क्याम्पससम्म घोरेटो बाटो निर्माण | लाल बहादुर बुढा २ नं वडा सचिव | ९४,८३३।०० | |
| ९७,२०८०।०२।१७ | मुग्राहा देखि पानी खोलासम्म कुलो मर्मत | लाल बहादुर बुढा २ नं वडा सचिव | ९४,६३६।०० | |
| १०१,२०८०।०२।१७ | सुनार टोलको मन्दिर निर्माण | महेश विष्ट ३ नं वडा सचिव | ५२,१७७।०० | |
| १०२,२०८०।०२।१७ | कालाशिल्ला मन्दिर निर्माण | महेश विष्ट ३ नं वडा सचिव | ९४,६९८।०० | |
| १२३,२०८०।०२।२९ | भेरेखोला भेराभिर घोरेटो बाटो | पर्व बहादुर सहकारी ५ नं वडा सचिव | ४७,४९०।०० | |
| १२४,२०८०।०२।२९ | कालेखोला देखि महादेवमाडु घोरेटो बाटो मर्मत | पर्व बहादुर सहकारी ५ नं वडा सचिव | ९४,९८५।०० | |
| १३२,२०८०।०२।३२ | घट्टेकोला देखि खोलीखेत सम्म सिंचाइ कुलो निर्माण | महेश विष्ट ३ नं वडा सचिव | ९४,४८७।०० | |
| १३५,२०८०।०२।३२ | काठीरुप्सा खानेपानी मर्मत | पर्व बहादुर सहकारी ५ नं वडा सचिव | ९५,०३८।०० | |
| १५६,२०८०।०३।०६ | बाघपानी चिनाडी हुदै घोरेटो बाटो निर्माण | पंख सार्की | ८५,४४१।०० | |
| १७५,२०८०।०३।०७ | जालेबाडा देखि पैरागौंडा ढल निकास | उदयराम वोष्ट १ नं वडा सचिव | ८७,७१८।०० | |
| १७८,२०८०।०३।१२ | खाली तथा देवता खानेपानी मर्मत | लाल बहादुर बुढा २ नं वडा सचिव | ९४,३१२।०० | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १८०,२०८०।०३।१२ | बाँसबस्ती ढल विकास | दमनराज भण्डारा ६ नं वडा सचिव | ४७,४००।०० | |
| १८९,२०८०।०३।१३ | खिरचौका खानेपानी मर्मत | मीन बहादुर विष्ट ८ नं वडा सचिव | ९१,४९६।०० | |
| १९०,२०८०।०३।१३ | डाग्रीटोलमा खानेपानी मर्मत | उदयराज विष्ट १ नं वडा सचिव | ४४,५५०।०० | |
| १९२,२०८०।०३।१३ | रोडदेखि काछावाडासम्म घोरेटो बाटो निर्माण | लाल बहादुर बुढा २ नं वडा सचिव | ९५,१८०।०० | |
| १९८,२०८०।०३।१३ | टोप्रा भेराभिर घोरेटो बाटो मर्मत | पर्व बहादुर सहकारी ५ नं वडा सचिव | ९५,०००।०० | |
| २०३,२०८०।०३।१४ | स्वास्थ्य चौकी कोटबाडाको फर्निचर खरिद | लाल बहादुर बुढा २ नं वडा सचिव | ९४,५६०।०० | |
| २१२,२०८०।०३।१८ | विरखम्ब प्रतिक्षालय निर्माण | उदयराम विष्ट १ नं वडा सचिव | २,७२,१४८।०० | |
| २२८,२०८०।०३।१९ | गुराससेडी खानेपानी ट्याङ्की निर्माण | उदयराम विष्ट १ नं वडा सचिव | ४६,५०१।०० | |
| २२९,२०८०।०३।२० | दुडुल्ली खानेपानी मर्मत | सतल बहादुर बटाला ७ नं वडा सचिव | ९४,८४१।०० | |
| २३०,२०८०।०३।२० | सैन्यखोला देखि सियालासम्म पाइप लाइन | महेश विष्ट ३ नं वडा सचिव | ७०,९२०।०० | |
| २३७,२०८०।०३।२१ | डोप्का खानेपानी मर्मत | महेश विष्ट ३ नं वडा सचिव | ४९,५००।०० | |
| २३९,२०८०।०३।२१ | वडा नं २ को स्वास्थ्य केन्द्र मर्मत | विपिनप्रसाद भट्टराई कम्प्युटर अपरेटर | ४९,५५०।०० | |
| २५५,२०८०।०३।२३ | कालाशिल्ला मन्दिर देखि न्यूराकोट ढल निकास | परेक बोहोरा प्राविधिक सहायक | ४७,५५२।०० | |
| २५५,२०८०।०३।२३ | मुग्राहा धारा RCC पुल निर्माण | परेक बोहोरा प्राविधिक सहायक | ४७,९८५।०० | |
| २५७,२०८०।०३।२३ | सैन्यखोला देखि PHC सम्म घोरेटो बाटो निर्माण | महेश विष्ट ३ नं वडा सचिव | ९३,१०२।०० | |
| २६१,२०८०।०३।२३ | वडा कार्यालय घेराबार तथा व्यवस्थापन | महेश विष्ट ३ नं वडा सचिव | ९५,०१५।०० | |
| २७१,२०८०।०३।२४ | दुडिल्ला देखि बसन्तपुरसम्म खानेपानी मर्मत | मीन बहादुर विष्ट ८ नं वडा सचिव | ४१,५६१।०० | |
| **जम्मा** | | | **२९,३९,०३०।००** | |

अनियमित भएको रु २९,३९,०३०।००

| | |
|---|---|
| अनियमित भएको | २९,३९,०३० |

२६ **आनुपातिक जनसहभागिता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति मार्फत काम गराउने कार्यविधि छ । उक्त नियमको उपनियम (३) अनुसार सार्वजनिक निकाय र उपभोक्ता समिति विच सम्झौता गर्नुपर्ने र उपनियम ३(ग) मा सम्झौता अनुसार सहभागितामा कार्य सम्पन्न गर्नुपर्दछ । तर पालिकाले विभिन्न उपभोक्ता समिति सँग सम्झौता अनुसार जनसहभागिताको अनुपात भन्दा बढी भुक्तानी दिएकाले कम कट्टी गरेको जनसहभागिता असुल गर्नुपर्ने रु

| बजेट उप शिर्षक | भौ.न र मिति | उपभोक्ता समिति | जनसहभागिता हुनुपर्ने | जनसहभागिता भएको | कम रकम |
|---|---|---|---|---|---|
| संघीय सशर्त | ७७ | श्री शान्ती मा.वि. भवन निर्माण उपभोक्ता समिति | ९४८१३३ | ७६५२८८ | १८२८४५ |
| प्रदेश सशर्त | ६-२०८०।०२।२९ | मंगलासैनी मा.वि. विरचौरा घेरवार उपभोक्ता समिति | २४८५३७ | २१०४३६ | ३८१०१ |
| प्रदेश सशर्त | १५-२०८०।३।२१ | ओडीखोला तटबन्ध योजना उपभोक्ता समिति | २२३४५३ | १७३७७० | ४९६८३ |
| जम्मा | | | | | २७०६२९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७०,६२९ |

२७ **लागत साझेदारी** (५३७-२०८०-३-४):

लागत साझेदारी: पालिकाले कार्यक्रम संचालन गर्दा स्वीकृत लागत अनुमान तथा सम्झौतामा तोकिए अनुसार कार्यक्रम संचालन गर्नुपर्दछ । पालिकाले नेपाली कागज विटर मेसिन खरिदका लागि टोप्रा नेपाली हाते कागज लघु उद्यमी समूहलाई रु. २७१२०० भुक्तानी गरेको छ । तर पालिका र उक्त समूह बिचको सम्झौता अनुसार प्रविधि हस्तान्तरण गरिने मेशिनरी औजारमा खरिद मूल्यको २० प्रतिशत रकम लागत साझेदारी गर्नुपर्नेमा लागत साझेदारी नभएकाले उक्त रकम असूल गर्नुपर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५४,२४० |

२८ **भुक्तानीमा कर कट्टी**

भुक्तानीमा कर कट्टी: आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । पालिकाले अम्रलमान्डु झोलुङ्गे पुल, चिसापानी (घट्टेखोला) ट्रस पुल, पल्लागडीय झोलुङ्गे पुल निर्माणमा सामाजिक तथा प्राविधिक सहयोग गर्न मानव अधिकार तथा वातावारण विकास केन्द्र (हुरुन्डेक) नेपालसँग सम्झौता गरी रु. १८२३९३ अग्रिम कर कट्टी नगरी भुक्तानी गरेकाले कट्टी नभएको अग्रिम कर असूल गर्नुपर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७३५ |

२९ **पदाधिकारी सुविधा**

पदाधिकारी सुविधाः कर्णाली प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष टेलिफोन तथा मोवाइलमा रु. ८२८०००/-, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु. ६४८०००/-, अतिथि सत्कारमा रु. ९७२०००/-, खानेपानी र सरसफाईमा रु. ४३२०००/-, विद्युत तथा उर्जा खर्चमा रु. ४४४०००/- अनुगमन खर्चमा रु. २३०४०००/- र चाडपर्व खर्चमा रु. ७०५०००/- समेत रु. ६३३३०००/- खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु.६३३३०००/- भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको एकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३० **फरक शिर्षकमा खर्च**

फरक शिर्षकमा खर्च: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(२) मा अधिकार प्राप्त अधिकारीले स्विकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको र खर्च पर्न बाँकी रहेको कुरा यकिन गरी बजेट खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विनियोजित रकम खर्च गर्दा खर्चको वर्गिकरण र व्याख्यामा उल्लेख भए अनुसार सम्बन्धित शिर्षकबाट खर्च लेख्नुपर्दछ । पालिकाले निम्नानुसारको खर्च गर्दा विनियोजित शिर्षकको रकम सोहिमा नगरी फरक कार्यमा खर्च गरेको देखिन्छ । यसप्रकार नियम विपरित खर्च गरेको अनियमित खर्च नियन्त्रण हुनु पर्दछ ।

| भौ.नं. र मिति | विनियोजित शिर्षक | खर्च गरिएको शिर्षक | रकम |
|---|---|---|---|
| ३५१-२०७९।११।२५ | करार सेवा शुल्क | खेलकुद प्रतियोगिता सञ्चालन | ७६०६४८ |
| ३५६-२०७९।११।२६ | करार सेवा शुल्क | नेपाल पत्रकार महासंघ पेश्की | ३००००० |
| | जम्मा | | १०६०६४८ |

| | |
|---|---|
| अनियमित भएको | १०,६०,६४८ |

३१ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा...महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले बजेट उप शिर्षक ( गाँउपालका र संघीय सशर्त चालु) बाट रु ४६ लाख ६१ हजारको औषधि खरिद गरेको देखिन्छ।

आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

| गो भौ न मिति | विक्रेताको नाम | रकम |
|---|---|---|
| २८।०९।१४ | सन्चो क्लिनिक एण्ड फार्मेसि | १८१०० |
| ३३।९।१७ | सरोबर मेडिसिन डिस्ट्रिब्युटर्स | ७१२१६ |
| ३४।०९।१७ | रारा मेडिसिन एण्ड सर्जिकल डिस्ट्रिब्युटर्स प्रा लि | ४९८८६६ |
| ९८।०२।०४ | आशिष फार्मेसि मणिराम डिस्ट्रिब्युटर | ११६९४० |
| २५४।१०।२७ | आशिर्वाद आयुर्वेद मेडिकल | १९९८९५ |
| ४०२।१२।२३ | झरना मेडिसिन सप्लायर्स | ५३०८६० |
| ४०३।१२।२३ | सुमित मेडिको फर्मा | ५८६४६० |
| ६५०।०३।२२ | निहित फर्मास्युटिकल | ४९८४०० |
| ६६८।०३।२४ | ग्लोबल ड्रग सप्लायर्स | २१४०७२२ |
| जम्मा | | ४६६१४५९ |

सैद्धान्तिक बेरुजु

३२ **तलवी प्रतिवेदन पारित नभएको**

निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु पारिश्रमिकमा ८८७७४८९।०४ र करामा रुमा १४०७४३६३।०० - खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेकोले कर्मचारीहरुको ग्रेड वापतको रकम समेत एकिन गर्न सकिएन । पालिकाले तलबी प्रतिवेन पारित गरेर मात्र तलब भत्ता खर्च लेख्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३३ **बढि ग्रेड भूक्तानी**

स्वास्थ्य तर्फको अ हे व खेमराज विष्टको नियुक्ति मिति र खाइपाइको ग्रेड परीक्षण गर्दा नियुक्ति मिति २०७५।०७।१९ गते भएको अनुसार तिन ग्रेड र समायोजन दुई ग्रेड जम्मा पाँच ग्रेड र थप ग्रेड भूक्तानी दिनुपर्ने र थप ग्रेड सोही अनुसार कार्तिक १९ गतेबाट लागू हुनेमा पालिकाबाट असार देखि नै छ ग्रेड र कार्तिकमा पुन: थप १ ग्रेड दिएको हुदा यसरी १३ महिनाको १ थप ग्रेड बढि भूक्तानी गएकोले निज बाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,२६१ |

३४ **शिक्षक अभिलेखः**

पालिकाले पालिकाभित्र रहेका विद्यालयहरुको स्वीकृत दरबन्दी (राहत र करार समेत) विद्यालयमा शिक्षक पदपूर्तीको अवस्था, सरुवाको विवरण, अवकाश विवरण तयार नगरेकोले निकासा भएको रकम वास्तविक भए/नभएको भिडान गर्न सकिएन। पालिकाले विद्यालयबाट पेश गरेको माग फारामलाई मात्र आधार लिइ तलब निकासा दिएको देखिएको हुँदा शिक्षक सरुवा, अवकाश भए पश्चात पनि रकम निकासा नभएको भनि भिडान गर्न नसकिएको हुँदा अभिलेख तयार गरी खर्चलाई प्रभावकारी बनाउनु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३५ **लेखापरीक्षणको लागी विद्यालयगत निकाशा:**

७४।२०७९।१२।१७ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१ अनुसार अनुदान रकमको अनुगमन गरी लेखापरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था छ ।गाउँपालिकले २६ वटा विद्यालयलाई लेखापरीक्षण अनुदानको रु ५६००००।00 सम्बन्धित विद्यालयको खातामा निकासा गरेको छ। निकासा गरेको रकमबाट विद्यालयहरुले लेखापरीक्षण गराएको प्रतिवेदन पेश गरेको छैन। कार्यालयले विद्यालयहरुलाई लेखापरीक्षण गराए, नगराएको अनुगमन गरी लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी उल्लेखित व्यहोरा अनुसारको अनुगमन गर्नुपर्नेमा गराएको देखिएन । विद्यालयहरुलाई समयमै लेखापरीक्षण गराई प्रतिवेदन पेश गर्न लगाउनुपर्दछ ।

| क्र सं | विवरण | संख्या | दर | रकम |
|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालय | १० | १५००० | १५०००० |
| २ | आधारभुत विद्यालय | ३८ | १०००० | ३८०००० |
| ३ | ECD | ५ | ६००० | ३०००० |
| जम्मा | | | | ५६०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,६०,००० |

३६ **विद्यालयगत निकासा रजिष्टरः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७६ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठिक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानि भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ।कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको विवरणको स्पष्ट विवरण खुल्ने गरी यथार्थ विवरण राख्नुपर्नेमा निकासा अभिलेख राखेको छैन। जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनुपर्ने र भुक्तानि दिएको बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक राख्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

३७ **शिक्षक दरबन्दी**

गाँउपालिकाले शिक्षा नियमावली अनुसार शिक्षक दरबन्दी मिलान गर्नुपर्नदछ। पालिकाले जिल्ला तथा शिक्षा तथा समन्वय इकाइले उपलब्ध गराएको विवरण अनुसार प्रा.वि., नि.मा.वि. र मा.वि. का स्थायी, अस्थायी र राहत दरबन्दी शिक्षक विद्यार्थी संख्या र भौतिक पूर्वाधारलाई यकिन गरी दरबन्दी मिलान गरेको देखिएन। अत: यसरी दरबन्दी मिलान बेगर पालिकाले गरेको शिक्षक तलब निकाशा वास्तविक छ भनी आश्वस्त हुन सकिएन।

| सैद्धान्तिक बेरुजु |
|---|

३८ **छात्रवृत्ति अनुदान :**

१०७।१११।२०८०।०१।०७ आर्थिक बर्ष ०७९/८० को कार्यक्रम कार्यान्वियन पुस्तिकाको कार्यक्रम नं. ७.२.१.१ मा कक्षा १ देखि ८ सम्म अध्ययनरत छात्रा र दलित विद्यार्थीले प्रति विद्यार्थी रु. १५०० र ४०० का दरले छात्रवृत्ति पाउने व्यवस्था छ ।पालिकाले १८०। २०८०।०३।१६ बाट छात्रा र दलित छात्रको लागी ३७५९५०० र ५५४२०० गरी जम्मा रु ४३१३७०० दिएको देखिन्छ। त्यस्तै गैरआवासिय छात्रवृत्ति विद्यालय व्यवस्थापन निर्देशिका, २०७४ को बुंदा नं. ५.३.४ मा छात्र वृत्ति वितरणको भर्पाइ तथा अन्य अभिलेख विद्यालयले व्यवस्थित राख्ने र वितरण भएको १५ दिन भित्र सम्बन्धित स्रोत केन्द्रमा पठाउने उल्लेख छ। पालिकाले विभिन्न विद्यालयलाई छात्रवृत्ति निकासा गरेकोमा विद्यालयले छात्रवृत्ति वितरणको भर्पाई पेश नगरेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ४३,१३,७०० |
|---|---|

३९ **शिक्षक व्यवस्थापन सूचना प्रनाली**

(IEMIS) कार्यक्रम कार्यान्वियन पुष्तिका (आ.ब. २०७९/८०) IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थिहरुको यर्थाथ तथ्याङ्कसंग सत्यापन (भिडान) गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृती र दलित छात्रवृती (कक्षा १ देखि ८) शिक्षण सिकाई तथा समाग्री तथा दिवा खाजा बाल विकाश कक्षा देखि ५ सम्म विद्यालयलाई अनुदान दिने व्यवस्था छ।पालिकाले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यर्थाथ तथ्याङ्क भिडान गरेको पाइएन। जस्ले गर्दा वास्तविक विद्यार्थी संख्या भन्दा बढी निकाशा गएको छैन भन्न सक्ने आधार भएन। पालिकाले कार्यक्रम पुष्तिकामा उल्लेख भए बमोजिम IEMIS डाटालाई विद्यार्थी हाजीरी पुष्तिका परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग भिडान उपलब्ध हुन नसकेको र IEMIS मा प्रविष्ट तथ्याङ्क समेत अद्यावधिक नभएकोले एकिन गर्न सकिएन। पालिकाले विद्यालयको IEMIS तथ्याङ्कलाई अद्यावधिक गरी विद्यार्थी संख्याको आद्यावधिक गरी विद्यार्थी संख्याको आधार जाने निकाशा बास्तविक विद्यार्थी संख्याकै आधारमा गए नगएको एकिन गर्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

४० **पाठ्य पुस्तक खरिद:**

कार्यक्रम कार्यान्वियन पुस्तिकाको कार्यक्रम नं. २.४.६.१ मा IEMIS अनुसार प्रविष्टि तथ्यांकसँग सत्यापन गराई यकिन संख्याका आधारमा तेस्रो त्रैमासिक भित्र विद्यालयहरुलाई पाठ्यपुस्तकवापतको रकम अनुदान दिने र यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत मात्र अनुदान दिने र बाँकि २५ प्रतिशत अनुदान शैक्षिक शत्र २०८० को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको आधारमा नपुग हुने रकम मात्र थप अनुदान दिने उल्लेख छ। पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्यांक सँग सत्यापन गराई यकिन संख्याको आधारमा पहिलो पटक ७५ प्रतिशत निकासा दिएको। दोस्रो पटक २५ प्रतिशत विद्यार्थी भर्ना संख्या, पुस्तक खरिद विल तथा वितरणको भर्पाईको आधारमा नपुग भएमात्र सोधभर्ना भुक्तानी दिनुपर्नेमा २५ प्रतिशत रकम पुरै भुक्तानी दिएको देखियो। पालिकाले १३३।२०८०।०३।०४ बाट २५ प्रतिशत निकासा रु १५०७८३९।०० दिएको विद्यालयले विल तथा वितरणको भर्पाइ पेश नगरी भुक्तानि दिएकोले विल भर्पाई पेश हुनुपर्ने रु

| प्रमाण पेश नगरेको | १५,०७,८३९ |
|---|---|

४१ **दिवा खाजा**

कार्यक्रम कार्यान्वयन पुस्तिकाको कार्यक्रम नं. २.७.११.१. तोकिएको विद्यार्थी दिवा खाजाका लागी विद्यालयलाई अनुदान कार्यक्रम नम्स अनुसार १८० दिन वा विद्यार्थीको हाजिरी दिन मध्ये जुनकम हो, सो अनुसार दिने व्यवस्था हुदा पनि पालिकाले विभिन्न विद्यालयलाई १८० दिन भन्दा बढिको खाजाका लागी रकम निकाशा गरेको छ। सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु

| क्र म सं | विद्यालयको नाम | IEMIS अनुसार विद्यार्थी संख्या | कक्षा संचालन हुने दिन | दर | निकासा जानुपर्ने रकम | निकासा गएको रकम | बढि निकासा रकम |
|---|---|---|---|---|---|---|---|
| १ | विश्वकुना मा वि | २०१ | १८० | २० | ७२३६०० | ८०८३२० | ८४७२० |
| २ | नैनल देब आ वि | ३७ | १८० | २० | १३३२०० | १५१६८० | १८४८० |
| ३ | रमा मा वि | १७५ | १८० | २० | ६३०००० | ६७०८६० | ४०८६० |
| ४ | जनप्रिय आ वि | ११२ | १८० | २० | ४०३२०० | ४४३१६० | ३९९६० |
| ५ | जनचेतना आ वि | ५१ | १८० | २० | १८३६०० | २५५७६० | ७२१६० |
| ६ | दिपेन्द्र नेरा मा वि | १८९ | १८० | २० | ६८०४०० | ७६३२६० | ८२८६० |
| ७ | जनता मा वि | २३६ | १८० | २० | ८४९६०० | ९१३१०० | ६३५०० |
| ८ | रुपा देवी मा वि उच्छव | २०८ | १८० | २० | ७४८८०० | ७८२५०० | ३३७०० |
| ९ | चन्दसुर्य वाल विकाश केन्द्र | ४७ | १८० | २० | १६९२०० | १८२३२० | १३१२० |
| जम्मा | | | | | | | ४४९360।०० |

| असुल गर्नुपर्ने | ४,४९,३६० |
|---|---|

४२ **पाठ्यपुस्तक खरीदः**

२५१।२०८०।०३।२४ कोभिड १९ बाट क्षति पुगेको क्षतिपुरण तथा सिकाई निरन्तरताका लागी ९५० थान प्रति रु ३७२ का दरले भवानी छापाखाना विरेन्दनगर सुर्खेत बाट रु ३९९३४२ को ECD को पाठ्यपुस्तक खरीद भएको छ। उक्त पाठ्यपुस्तक सम्बन्धित विद्यालयमा वितरण नगरी लेखापरीक्षण अवधि सम्म पालिकामै रहेको देखिन्छ। अत उक्त पाठ्यपुस्तक ECD मा वितरण गरी शिक्षण सिकाई लाई सरकारको उदेश्य अनुरुप निरन्तरता दिन पाठ्यपुस्तक वितरणको भरपाई पेश गर्नुपर्ने देखिन्छ।

| प्रमाण पेश नगरेको | ३,९९,३४२ |
|---|---|

४३ **प्रविधि हस्तातरणः**

गरिवि निवारणका लागि लघु उद्यम सञ्चालन निर्देशिका २०७७ को दफा ४०, ४१ तथा ४२ मा २० प्रतिशत लागत सहभागितामा उद्यमिको लागि प्रविधि हस्तातरण गर्नसकिने, यसको लागि प्रविधि दिर्घकालिन र आय आर्जनमूलक हुनु पर्ने व्यवस्था रहेको छ । पालिकाले यस कार्यक्रमको लागि भौचर नं १४७/२०८०।०३।२७ बाट सिलाई मेशिन उत्पादन मेशिन खरिद गरी रु ९९००५।०० वडिमालिका सिलाई कटाई बुनाई लघुउद्यम समुहलाई भुक्तानी गरेको छ । उक्त मापदण्ड बमोजिमि दिर्घकालिन किसिमको पूर्वाधार र आय आर्जन सृजना गर्न सक्ने पूर्वाधार मात्र प्रविधि हस्तारणमा २० प्रतिशत लागत नगदै लिएर मात्र हस्तान्तरण गर्न सकिने तर पालिकाले सो अनुसार नगरेको समुहबाट असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | १९,८०१ |
|---|---|

४४ **प्रधानमन्त्री रोजगार कार्यक्रम / मुख्यमन्त्री रोजगार कार्यक्रम**

| |
|---|
| प्रधानमन्त्री रोजगार कार्यक्रम - स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा १४ योजना सञ्चालन गरी यस वर्ष २२५ जनालाई रोजगारी उपलव्ध गराई रु १५९२८४०४।०० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ। |
| मुख्यमन्त्री रोजगार कार्यक्रम |
| मुख्य मन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि २०७८ अनुसार कर्णाली प्रदेशका बेरोजगार तथा कोभिड १९ बाट प्रभावित युवालाई स्थानीयस्तरमा रोजगारी सृजना गर्ने युवालाई लक्षीत गरी रोजगारी आयआर्जन तथा आधारभुत विकाशका क्रियाकलाप प्रभाबकारी रुपमा संचालन तथा व्यवस्थापन गर्ने मुख्यमन्त्री रोजगारी कार्यक्रम संचालनमा रहेको छ।यस कार्यक्रम मार्फत गाँउपालिकामा यस वर्ष ९ वटा कार्यक्रम लागी रु १२९५८८७।१० विनियोजन भएकोमा कार्यक्रम मार्फत रु १२९५८८७।१० खर्च गरीएको छ। यस सम्बन्धमा देखिएका अन्य व्यहोरा वमोजिम छन्। |
| कार्यविधिको अनुसुची १ मा आयोजना संचालन गर्दा श्रमिकको ज्याला र सामाग्री लागत अनुपात तोकिएको छ। पालिकाले कतिपय आयोजनाको लागत अनुमान तयार गर्दा प्रयोग हुने श्रम। सामाग्रीको अलग अलग विश्लेषन गरी अनुसुची बमोजिमको अनुपातमा ध्यान नदिएको र कतिपय आयोजनामा ५१ प्रतिशत भन्दा बढी रकम कामदारको ज्याला खर्च लेखेको देखिन्छ। श्रम र ज्यालाको अलग अलग विश्लेषन गरी लागत अनुपात संग समावेश नभएकोले परीयोजनाको सामाग्री प्रयोगको अनुपात विश्लेषन गर्न सकिएन।। तसर्थ अनुसूचीमा तोकिए वमोजिमको लागत सामाग्री अनुपातलाई ध्यान दिई लागत अनुमात तयार गर्नुपर्दछ। |
| कार्यविधिको दफा ५ मा अधिकत्तम रोजगारी सिर्जना हुने, स्थानीय स्तरमा रोजगारी सिर्जना हुने तथा स्थानीय समाग्री प्रयोग हुने अधिकत्तम प्रतिशतको लागत साझेदारी हने आयोजना छनोट गर्ने उल्लेख भएपनि अधिकांश कार्यक्रम फिल्ड निमार्ण, घेराबार निमार्ण र विद्यालय भवन निमार्ण कार्यमा खर्च भएको छ। खर्चको तुलनामा न्यून रोजगारी सिर्जना, सीपमूलक र उद्यमशील कार्यक्रममा खर्च नहदा पटके रोजगारी सिर्जनामा केन्द्रित भएको छ। त्यसैगरी कार्यक्रम छनोटको लागि उपभोक्ता समितिले सोझै मुख्यमन्त्री रोजगार कार्यक्रम व्यवस्थापन इकाइमा प्रस्ताव पेश गर्ने र उक्त प्रस्तावहरु आयोजना व्यवस्थापन इकाइले संकलन गरी मुख्यमन्त्रीको अध्यक्षतामा गठन हुने निर्देशक समितिले छनोट तथा स्वीकृत गरी स्थानीय निकायबाट कार्यान्वयन हुने व्यवस्था गरीएको छ। छनोट प्रक्रियामा स्थानीय पालिका सँग समन्वय नहुँने, केन्द्रबाट छनोट हुने, सर्शत अनुदानको रुपमा स्थानीय तहलाई बजेट पठाउने, आर्थिक वर्षको अन्तमा मात्र बजेट निकासा हुने, उपभोत्ता समितिको पहुँच र प्रवाहका आधारमा छनोट हुनाले आयोजना कार्यान्वयनमा पालिकाको अपनत्व र प्रभावकारी भुमिका देखिएन। आयोजना छनोट देखि कार्यान्वयन सम्म पालिकाको भूमिका स्पष्ट गरी दीर्घकालिन रोजगारी सिर्जना हुने कार्यक्रमा बजेट केन्द्रित हुनु पर्दछ। |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४५ **न्यानो झोला खरिद**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस यस वर्ष गो भौ न ७२।०७९।११।२५ श्रीराम सर्जिकल हाउसबाट रु. ४९७२०० को खरिद गरेकोमा पालिकाले खरिद गरेको झोला वितरण गरेको भरपाई पेश गरेका छैन। खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ। उक्त झोलाहरु वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९७,२०० |

४६ **बाँकि रहेको सामाजिक सुरक्षा रकम** (३०३-२०८०-३-२३):

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १८ को उपदफा (१),(२) र (३) मा व्यवस्था भए वमोजिम स्थानीय तहले सामाजिक सुरक्षा भत्ता वापत निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा सात दिन अगावै वितरण कार्य सम्पन्न गरी आर्थिक कारोवार वन्द गर्नु पर्दछ भनेता पनि नरहरिनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय,कुमालगाउँमा रहेको कृषि

विकास बैँक लिमिटेड,शाखा कार्यालय, कुमालगाउँले निकासा र खर्चको लेखा अद्यावधिक बैँक संगको हिसाव मिलन गरी बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा निकासा फिर्ता गर्नु पर्नेछ भनेता पनि सो गाउँपालिकामा रहेको कृषि विकास बैँकले रु.९५२३२।००-अक्षेरुपी (पचासी हजार तिन सय चालिस) सामाजिक सुरक्षा भत्ता वितरण गरी बाँकी रहेको देखिन्छ। अत: उक्त रकम सम्बन्धित बैंकबाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९५,२३२ |

४७ **सामाजिक सुरक्षा तथा संरक्षण** (९०१-२०८०-६-७):

**सामाजिक सुरक्षा तथा संरक्षण :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा १० मा व्यवस्था भए वमोजिम सामाजिक रुपमा पछाडि परेका वर्ग,क्षेत्र र समुदायका नागरिकलाई सामाजिक सुरक्षा कार्यक्रम मार्फत सामाजिक संरक्षण प्रदान गर्न सामाजिक सुरक्षा भत्ता प्रणाली रहेको छ । यो कार्यक्रम अन्तर्गत नरहरिनाथ गाउँपालिकाले यस आर्थिक वर्षमा प्रथम त्रैमासिकमा रु.२७८७६३७८।००, दोश्रो त्रैमासिकमा रु.२९६९१९६८।००, तेश्रो त्रैमासिकमा रु.२९४८८९३०।०० र अन्तिम त्रैमासिकमा रु.२९२१६१४१।०० गरी जम्मा रु.११६२७३४१७।०० निकासा तथा खर्च लेखाङ्कन गरेको छ। यस कार्यक्रमबाट लक्षित वर्गका रुपमा रहेका जेष्ठ नागरिक, एकल महिला, विधुवा, बालबालिका र अशक्तहरु समेत वार्षिक औषतमा ५८६३ जना लाभग्राहीहरु लाभान्वित भएको देखिन्छ । वडागत सामाजिक सुरक्षा रकम निकासा तथा खर्चको विवरण अनुसूचीमा रहेको छ ।
यसरी लेखापरीक्षणको क्रममा आन्तरिक लेखापरीक्षणले यस आ.व. मा औँल्याएको सामाजिक सुरक्षा तथा संरक्षण खर्च रु.११६१८०६५८।०० र गाउँपालिकाले दिएको वडागत विवरण अनुसार सामाजिक सुरक्षा तथा संरक्षण खर्च रु.११,६२,७३,४१७।०० भएकोले रु.९२७५९।०० को फरक देखिएको छ । फरक के कसरि आएको हो यस विषयमा पालिकाले यकिन गर्दछ।

• सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि,२०७५ को दफा ३३ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्बन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया,भत्ताको दर,प्राप्त हुने बैँक र लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था,गैर सरकारी संस्था,सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिर्वाय रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनु पर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामेसी सम्वन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा राखेको छैन। यसबाट पारदर्शिता र जवाफदेहिता कायम हुने विधि तयार गरी पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकिन हुने अवस्था देखिएन । भत्ता वितरण कार्यलाई सरल र पारदर्शी हुने गरी व्यवस्थित गर्नुपर्दछ ।

• स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक त्रैमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने गरी कार्यविधिले व्यवस्था गरेको छ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तहको कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन

• सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २८ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरिवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरण व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन ।

• मृत्यू भएका र बसाईसराई गरी गएका लाभग्राहीको केन्द्रिकृत तथ्याङ्क अद्यावधिक गरेको देखिएन । विभिन्न वडामा वितरणका सम्बन्धमा गुनासो आएको र पत्रपत्रिकामा समेत समाचार प्रकाशन भएको सम्वन्धमा समेत गाउँपालिकाले छानविन गरेको पाइएन । छानविन तथा यकिन गरी सामाजिक सुरक्षा तथा भत्ता वितरणको प्रभावकारीताको सम्वन्धमा आश्वस्तता कायम गर्नु पर्दछ।

सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा देखिएका लागी बैंकमा भएको निकासा र बैंकले दिएको विवरण अनुसुची बमोजिम रहेको छ ।

४८ **बढी भुक्तानी**

बढी भुक्तानी: पालिकाले लामासाँधुदेखी रामपानीसम्म सडक निर्माण गर्न नरहरीनाथ ५ को लामासाँधुदेखी रामपानीसम्म सडक निर्माण उपभोक्ता समितिसँग सम्झौता गरेको छ । कार्यसम्पन्न प्रतिवेदन अनुसार Earthwork Measurement, Roadway Excavation, All types of soil मा Quantity ७०५४.९६ हुनुपर्नेमा ७०८९.७९ भई बढी भुक्तानी दिएको छ । ३४.८३ परिमाण को प्रति एकाई १५८.५४ का दरले बढी भुक्तानी भएको असूल गर्नुपर्ने

| असुल गर्नुपर्ने | ५,५२१ |
|---|---|

४९ **आनुपातिक अंश कट्टी**

**आनुपातिक अंश कट्टी:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिदाँ लागत अनुमानमा रहेको जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले व्यहोर्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याकंन भएको अवस्थामा सोही अनुसार आनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायनुसारको रकम असूल हुनुपर्ने

| शिर्षक | भौ.नं र मिति | उपभोक्ता समिति | जनसहभागिता हुनुपर्ने | जनसहभागिता भएको | कम रकम |
|---|---|---|---|---|---|
| संघिय सशर्त | ७७ | श्री शान्ती मावि भवन निर्माण उपभोक्ता समिति | ९४८१३३ | ७६५२८८ | १८२८४५ |
| प्रदेश सशर्त | ६-२०८०।२।२९ | मंगलासैनी मावि विरचौका घेरवार उ.स | २४८५३७ | २१०४३६ | ३८१०१ |
| प्रदेश सशर्त | १५-२०८०।३।२१ | ओडीखोला तटबन्ध योजना उपभोक्ता समिति | २२३४५३ | १७३७७० | ४९६८३ |
| | जम्मा | | | | २७०६२९ |

| असुल गर्नुपर्ने | २,७०,६२९ |
|---|---|

५० **शिर्षक बाहिरको खर्च**

एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार बजेट वर्गीकरण र खर्च गर्ने शिर्षकमा विविधबाट खर्च गर्न सकिने खर्चहरु तोकिएको छ। जस अनुसार पालिकाले गरेको देहाय बमोजिमको उल्लेखित खर्च तोकिएको भन्दा बाहिरको हुदा उक्त खर्चलाई नियम समंत मान्न सकिएन। अत: अनियमित भएको रु

| गो भौ न | खर्च समाग्री | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १८।०७९।०६।१४ | संचार महसुल | विपिन प्रसाद भट्राई | १०००० |
| ४७४।०८०।०२।०४ | कम्पयुटर | क्रिक कम्पयुटर सोलुसन | ९९४४० |
| ४७७।०८०।०२।०४ | कम्पयुटर | ज्वाला कम्पयुटर सप्लायर्स | ३००००० |
| ४७६।०८०।०२।०४ | कम्पयुटर | क्रिक कम्पयुटर सोलुसन | १०९०४५ |
| ४१८।०७९।१२।२९ | फार्मेसि | राहुल फार्मेसि | १००००० |
| जम्मा | | | ६१८४८५।०० |

| अनियमित भएको | ६,१८,४८५ |
|---|---|

५१ **लागत साझेदारी**

५३७-२०८०।०३।०४ पालिकाले कार्यक्रम संचालन गर्दा स्वीकृत लागत अनुमान तथा सम्झौतामा तोकिए अनुसार कार्यक्रम संचालन गर्नुपर्दछ । चालुखर्च शिर्षकबाट पालिकाले नेपाली कागज विटर मेसिन खरिदका लागि टोप्रा नेपाली हाते कागज लघु उद्यमी समूहलाई रु. २७१२०० भुक्तानी गरेको छ । तर पालिका र उक्त समूह बिचको सम्झौता अनुसार प्रविधि हस्तान्तरण गरिने मेशिनरी औजारमा खरिद मूल्यको २० प्रतिशत रकम लागत साझेदारी गर्नुपर्नेमा लागत साझेदारी नभएकाले २०% ले हुने उक्त रकम असूल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५४,२४० |

५२ **आयमा कर कट्टी**

**आयमा करकट्टीः** आयकर ऐन, २०५८ को दफा ८७,८८ र ८९ मा भुक्तानीमा कर कट्टी सम्बन्धी व्यवस्था छ ।पालिकाले देहाय बमोजिमको भुक्तानीमा करकट्टी गर्न छुट भएको देखिएकाले असुलउपर गरी दाखिला गर्नुपर्ने देखिन्छ ।

| गो.भौ. नं. र मिति | विवरण | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | छुट कर | कैफियत |
|---|---|---|---|---|---|
| ६९,२०८०।०२।०४ | शान्ति आ वि धाँचुकोट बालकक्षा निर्माण | श्री शान्ति आ वि | १,८३,००५।०० | १४१७।०० | सा सु |
| ७३,२०८०।०२।०८ | सैन्यखोला देखि नुवादेवमाड्ड सडक निर्माण | शाश्वत कन्स्ट्रक्सन | ३९,९८,७३६।०० | ८४५।०० | अग्रीम आयकर |
| २१८,२०८०।०३।१९ | हेल्भटास नेपाल साझेदारी कार्यक्रम | लामिछानी खानेपानी तथा सरसफाइ आयोजना | ९,२६,३०३।०० | ५८०।०० | सा सु |
| २३६,२०८०।०३।२१ | नुवादेवमाड्ड देखि सैन्यखोलासम्म नयाँ सडक निर्माण | उमेश निर्माण सेवा | २१,५७,६७५।०० | ३९०।०० | अग्रीम आयकर |
| २४१,२०८०।०३।२१ | वडा कार्यालय भवन मर्मत सम्भार | वडा कार्यालय भवन मर्मत उपभोक्ता समिति | ४,५९,१६८।०० | ३४९२।०० | सा सु |
| | | | | ६७२४।०० | |

सामाजिक सुरक्षा कर ५४८९।००

अग्रीम आयकर १२३५।००

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,७२४ |

५३ **जग्गा प्राप्ति सम्बन्धमा**

जग्गा प्राप्ति ऐन, २०३४ को दफा ८,९ ,१० को प्रक्रिया पूरा गरी जग्गा प्राप्त गर्न सकिने व्यवस्था गरेको छ । पालिकाले तपशील बमोजिमको जग्गा खरिद गर्दा जग्गा प्राप्ति ऐन, २०३४ बमोजिमको प्रक्रिया पूरा नगरी जग्गा खरिद शीर्षकबाट जग्गा धनि सँग सिधै खरिद गरी खर्च लेखिकोले सो कार्यलाई नियमसम्मत मान्न सकिएन । अनियमित खर्च रु

| गो.भौ. नं. र मिति | विवरण | भुक्तानी पाउनेको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| ५०,२०७९।१२।१९ | श्री हरिशंकर आधारभूत विद्यालय जग्गा खरिद | श्री हरिशंकर आधारभूत विद्यालय | १,५०,०००।०० | |
| ५५,२०७९।१२।२९ | वडा नं ८ कार्यालयको जग्गा खरिद | जगत बहादुर विष्ट | ४,००,०००।०० | |
| ७७,२०८०।०२।१२ | जग्गा खरिद वडा नं ८ | कटक बहादुर विष्ट | ४,००,०००।०० | |
| ११७,२०८०।०२।२४ | वडा नं ८ कार्यालयको जग्गा खरिद | कपुरसिंह विष्ट | ३,२०,४००।०० | |
| ११९,२०८०।०२।२४ | वडा नं ८ कार्यालयको जग्गा खरिद | होइजालि विष्ट | ७,४९,७००।०० | |
| १२०,२०८०।२।२९ | वडा नं ८ कार्यालयको जग्गा खरिद | भद्र बहादुर विष्ट | ४,२९,९००।०० | |
| ४३२ चालु १२।२९ | जग्गा खरिद वडा नं ८ | अदानसिंह विष्ट | ४,२९,९००।०० | |
| ५०९ चालु ०२।२४ | जग्गा खरिद वडा नं ८ | होइजालि विष्ट | ७०,१००।०० | |
| २४४,२०८०।०३।२१ | जग्गा खरिद | दिये बुढा | २,००,०००।०० | |
| २४८,२०८०।०३।२२ | श्री रामारोशन आ.वि. जग्गा खरिद | श्री रामारोशन आ.वि. | ४,००,०००।०० | |
| २५३,२०८०।०३।२३ | जग्गा खरिद | श्री विश्वकुना मा वि | १०,००,०००।०० | |
| २५४,२०८०।०३।२३ | जग्गा खरिद | श्री रुपादेवी आ वि | २,००,०००।०० | |
| **जम्मा** | | | **४७,५०,०००।००** | |

| अनियमित भएको | ४७,५०,००० |
|---|---|

५४ **पारिश्रमिक कर कट्टी**

आयकर ऐन, २०५८ को दफा ८८ अनुसार नियमित पारिश्रमिक बाहेकको अतिरिक्त सेवा शुल्कको आयमा १५ प्रतिशत कर लगाउने व्यवस्था रहेको छ । पालिकाले गा.पा. पूँजीगत गो भौ नं २७४, २०८०।०३।२४ बाट विभिन्न योजना निर्माणको बजेटबाट प्राविधिक कर्मचारीहरुलाई फिल्डभत्ता वापत रु १३३६५००।०० भुक्तानी दिएको छ। भुक्तानीमा १५ प्रतिशत पारिश्रमिक करकट्टी गर्नुपर्नेमा १ प्रतिशत सामाजिक सुरक्षा कर मात्र कट्टी गरी भुक्तानी गरिएको तपशील बमोजिमका प्राविधिकहरुबाट बाँकी हुन आउने १४ प्रतिशत करकट्टी असुलउपर गरी दाखिला गर्नुपर्दछ ।

| क्र.सं. | नाम थर | हुनुपर्ने कर रकम | भएको कर रकम | छुट कर रकम |
|---|---|---|---|---|
| १ | निरक कुमार शाह | २१३७५।०० | १४२५।०० | १९,९५०।०० |
| २ | कमल बहादुर सहकारी | ५६२५।०० | ३७५।०० | ५,२५०।०० |
| ३ | कमल बहादुर सहकारी | १५६७५।०० | १०४५।०० | १४,६३०।०० |
| ४ | अंख बुढा | १६५००।०० | ११००।०० | १५,४००।०० |
| ५ | विरेन्द्र कुमार विष्ट | १६५००।०० | ११००।०० | १५,४००।०० |
| ६ | जीवन बहादुर बुढा | १९८००।०० | १३२०।०० | १८,४८०।०० |
| ७ | सतल बहादुर बटाला | १८०००।०० | १२००।०० | १६,८००।०० |
| ८ | धन बहादुर सहकारी | १८०००।०० | १२००।०० | १६,८००।०० |
| ९ | महेश विष्ट | १८०००।०० | १२००।०० | १६,८००।०० |
| १० | परेक बोहोरा | १८०००।०० | १२००।०० | १६,८००।०० |
| ११ | रोशन विष्ट | १५०००।०० | १०००।०० | १४,०००।०० |
| १२ | टेक बहादुर बोगटी | १८०००।०० | १२००।०० | १६,८००।०० |
| **जम्मा** | | **२००४७५।००** | **१३३६५।००** | **१,८७,११०।००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८७,११० |

# अनुगमन लेखापरीक्षण

५५ अनुगमन र संपरीक्षण

**अनुगमन लेखापरीक्षण**

**सम्परीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औंल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुलउपर गरी फस्यौंट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको हुने उल्लेख छ । कार्यालयले २०७८।७९ सम्मको बाँकी बेरुजु रु १३,६७,८१,०००।०० मध्ये रु ...फस्यौंट गरी सम्परीक्षणका लागि म्यानुअल/नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमार्फत् अनुरोध गरेकोमा उक्त बेरुजुसम्परीक्षणको क्रममा रहेको छ। सम्परीक्षण सम्बन्धमा उक्त प्रणाली मार्फत् जानकारी गराइनेछ ।

**अद्यावधिक बेरुजुकोअवस्थाः** यस **नरहरीनाथ गाउँपालिका, कालिकोट** को २०७९।८० सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजू (A) opening_beruju | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) current_settled_beruju | यो वर्ष कायम बेरुजू(C) beruju | संपरीक्षणबाट कायम बेरुजू(D) additional_beruju | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) remaining_beruju |
|---|---|---|---|---|---|
| १ | १३६७८१००० | ० | ३९२२४५९४।७३ | ० | १७६००५५९४।७३ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : नरहरीनाथ गाउँपालिका, कालिकोट , नरहरिनाथ गाउँपालिका , कालिकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Bhalaram Pangali | २०७९-५-२९ | |
| कार्यालय प्रमुख | Nirak kumar shah | २०८०-१-३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Dharmaraj Budha | २०७९-१२-१३ | २०७९-४-३० |
| लेखा प्रमुख | Ramesh KC | २०७६-९-१० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,६४८,८५०.७ | २४,४८८,२८३ | १३,०८७,४६१.०३ | ० | ० | ० |
| | | | | **जम्मा बेरुजु रकम** | ३९,२२४,५९४.७३ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ० |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १५३१२९५२ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३८४१५८२८० | चालु खर्च | ३१४९१५७३२.८३ |
| प्रदेश सरकारबाट अनुदान | ६२४३६८९५ | पूँजीगत खर्च | १५५४०२९१० |
| राजश्व बाँडफाँट | ७७२६९१६५.३७ | वित्तीय/अन्य व्यवस्था | १८५७९६२.० |
| आन्तरिक आय | ५२१२३९८.० | | |
| अन्य आय | ०.० | | |
| कुल आय | ५२९०७६७३८.३७ | कुल खर्च | ४७२१७६६०४.८३ |
| बाँकी मौज्दात | | ७२२१३०८५.५४ | |

## अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | आन्तरिक आयतर्फ | आन्तरिक आयतर्फ |
| २ | खरिद व्यवस्थापन | ठेक्का तथा प्रस्ताव व्यवस्थापन ११. अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने । खरिद व्यवस्थापन |
| ३ | चालु खर्च | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) |
| ४ | शसर्त अनुदान | कृषि तथा पशुतर्फ स्वास्थ्यतर्फ शिक्षा तर्फ संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |
| ५ | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा |
| ६ | मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यविधिको पूर्ण रुपमा कार्यान्वयन नभएको हुन सक्ने | मुख्यमन्त्री रोजगार कार्यक्रम |
| ७ | बैंक खाता छोरीको, सुरक्षा जीवनभरीको कार्यक्रम | बैंक खाता छोरीको, सुरक्षा जीवनभरीको कार्यक्रम कार्यविधिको पालना |
| ८ | विविध | विविध |
| ९ | भुक्तानीमा कर कट्टी | भुक्तानीमा कर कट्टी |

## बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची -३

| गो.भौ.नं।मिति | ठेक्का विवरण | भुक्तानी पाउने फर्म | धरौटी फिर्ता रु |
|---|---|---|---|
| ०१।२०७९।०८।१३ | खुलालु विश्वकुना लालु पिपलरुख थाडुमाडु रामारोसन सडक निर्माण | शुशान्त कन्ट्रक्सन कम्पनि एण्ड अडर सप्लार्यस | रु २०८०२०।०० |
| ०१।२०७९।०८।१३ | आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण | शुशान्त कन्ट्रक्सन कम्पनि एण्ड अडर सप्लार्यस | रु ९२२०३।०० |
| ०२।२०७९।०८।१३ | आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण | लक्ष्मि कर्णाली निर्माण सेवा | रु ९१२४१।०० |
| ०३।२०७९।०८।१३ | मुना खेत देखि चुना सडक निर्माण | पञ्चदेवल निर्माण सेवा | रु १०६४०२।०० |
| ०४।२०७९।०८।१३ | आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण | आशिष कन्ट्रक्सन एण्ड अडर सप्लायर्स | रु २५२८१४।०० |
| ०५।२०७९।०८।२५ | जुठे मुहान देखि थाडिमाडु सम्म सि कु निर्माण योजना | बटाला कन्ट्रक्सन प्रा लि | रु १८३७३३।०० |
| ०६।२०७९।०८।२५ | मंगला शैनि मा वि भवन निर्माण | प्रिन्स कन्ट्रक्सन प्रा लि | रु ३३४१०५।०० |
| ०७।२०७९।०८।२५ | नन्दा देवी मा वि भवन निर्माण | प्रकाश एण्ड धिरेन्द्र निर्माण सेवा | रु १६७४९.७ |
| ०९।२०७९।०९।२० | रेडियो सुनथराली एफ एम ९०.६ मेगाहर्जको उपकरण सामग्री खरिद र जडान | गंगा सागर मिडिया प्रा लि | रु ४५०००। |
| १३।२०७९।११।१९ | खोला खर्क देखि गानेचौर सम्मको सिचाँई कुलो निर्माण योजना | रिजन निर्माण सेवा | रु २६२६३४।०० |
| जम्मा | | | रु १५९२९०१.७० |

## बेरूजु दफा १८ सँग सम्बन्धित विवरण - अनुसूची -४

| वडा नं | वडा सचिवको नाम | जम्मा आम्दानी रु | दाखिला रु | फरक रकम रु |
|---|---|---|---|---|
| २ | लालबहादुर बुढा | रु ६१८४० | ८६१३५.६१ | रु २४२९५.६१ |
| ३ | महेश बिष्ट | रु ५९५९५.८६ | रु ६०५५० | रु ९५४.१४ |
| ४ | डण्डमान बोगटि | रु ५१३८३ | रु ५४०१८ | रु २६३५ |
| ५ | पर्व बोगटि | रु ६५३९५ | रु ६७५८५ | रु २१९० |
| ८ | मिन बहादुर बिष्ट | रु ६६४९० | रु ८८३१५ | रु २१८२५ |
| ९ | रणधीर शाही | रु ९५३१९ | रु ९९७३८ | रु ४४१९ |
| वडा नं ६ को रसिद ठेली र राजश्व दाखिला भौचर लेखापरीक्षणको क्रममा पेशहुन आएको छैन। पालिकाले यस सम्बन्धि आवश्यक छानबिन गरी यथार्थता यकिन गर्नुपर्दछ। | | | | |
| क्र.सं | शाखाको नाम | | | |
| १ | कृषि शाखा | रु २५०५० | रु ४३७५० | रु १८७०० |
| २ | पशु सेवा शाखा | रु ४२३३० | रु ६४५१० | रु २२१८० |
| **जम्मा** | | **रु ४६७४०२.८६** | **रु ५६४६०१.६१** | **रु ९७१९८.७५** |

## बेरूजु दफा १९ सँग सम्बन्धित विवरण - अनुसूची -५

| वडा नं | वडा सचिव | जम्मा आम्दानी | दाखिला गरेको रु | दाखिला गर्न बाँकी रु | १०% ब्याज सहित रु |
|---|---|---|---|---|---|
| १ | उदयराम बिष्ट | रु ८९४३५ | रु ७६३६५ | रु १३०७० | रु १४३७७ |
| ७ | सतल बहादुर बटाला | रु ४७२४३ | रु ४६१४० | रु ११०३ | रु १२१३.३ |
| क्र.सं | शाखाको नाम | | | | |
| १ | योजना शाखा | रु ९६५७४६.२२ | रु ९६३५९६.२० | रु २१५०.०२ | रु २३६५.०२ |
| २ | सिफारिस/सेवा शुल्क दस्तुर | रु १३४०२१ | रु १०४६७४ | रु २९३४७ | रु ३२२८१.७ |
| ३ | शिक्षा शाखा | रु ४३३९१० | रु ३४५५०० | रु ८८४१० | रु ९७२५१ |
| ४ | बिद्युत शाखा | रु ३५२३७ | रु ० | रु ३५२३७ | रु ३८७६०.७ |
| ५ | घुम्ती सेवा | रु ४६४०० | रु १७२०० | रु २९२०० | रु ३२१२० |
| ६ | आधारभूत स्वास्थ्य शाखाको रसिद ठेली र राजश्व दाखिला भौचर पेशहुन नआएकोले पालिकाले आवश्यक छानबिन गरी यकिन गर्नुपर्दछ। | | | | |
| **जम्मा** | | **रु १७५१९९२.२२** | **रु १५५३४७५.२०** | **रु १९८५१७.०२** | **रु २१८३६८.७२२** |

## बेरूजु दफा २२ सँग सम्बन्धित विवरण - अनुसूची - ६

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | विश्वकुना पिपलरूख थाडीमाडु उच्छव रामारोशन पर्यटकीय मार्ग | NNRM/BPTURTR/W/NCB/03/2079/80 | पञ्चदेवल निर्माण सेवा | १४१७१००४।७० | ७१७९००१।५८ | ४९ |
| २ | सैन्यखोला देखि नुवादेवमाडु सडक निर्माण योजना | NNRM/SNRCW/W/NCB/01/2079/80 | श्री शाश्वत कन्स्ट्रक्सन | ९९९८६३३।४२ | ४२५६३१५।१६ | ५७.४४ |
| ३ | पिपलरूखदेखि थाडिमाडु उत्छव रामारोशन सडक | NNRM/PTURTR/W/NCB/02/2079/80 | एस.के.डि.सप्लायर्स | ९९९२९१६।६५ | ३७८५३५०।४४ | ६२.१२ |
| ४ | नुवादेवमाडुदेखि सैनेखोला सम्म सडक निर्माण | NNRM/NSNRC/W/NCB/04/2079/80 | उमेश निर्माण सेवा | ४९९८४१९।२६ | २४७२७७१।८३ | ५०.५३ |
| ५ | सर्गदेखि निलरुप्सा चुना सडक निर्माण | NNRM/SNCRC/W/NCB/05/2079/80 | नितेश ट्रेडर्स | ४७९५६६२।९२ | १९०१७७८।७६ | ६० |
| ६ | औषधी खरिद | NNRM/G/SQ/PGB/NCB/02/2079/80 | ग्लोबल ड्रग्स एण्ड सप्लायर्स | ३४२६८६३।६६ | २६४६७४८।१५ | २३ |

## बेरूजु दफा २४ सँग सम्बन्धित विवरण - अनुसूची -७

| गो.भौ. नं. र मिति | विवरण | भुक्तानी पाउनेको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| गा.पा.पूँजीगत७६,२०८०।०२।१० | गाउँपालिका भवन फिनिसिङ्ग | नन्दादेवी कन्स्ट्रक्सन एण्ड सप्लायर्स (३०४७८५५१९) | ७,९७,९२५।०० | |
| गा.पा.पूँजीगत९१,२०८०।०२।१४ | गाउँपालिका भवन फिनिसिङ्ग | लिमा निर्माण सेवा (३०४३८०९०१) | ७,६१,६६०।०० | |
| गा.पा.पूँजीगत१९९,२०८०।०३।१४ | गाउँपालिका भवन फिनिसिङ्ग | छाँया डेकोर हाउस (६१४८६३९९८) | ४,७७,४१६।०० | |
| जम्मा | | | ९०७४५७०।०० | |

## बेरुजु दफा ४७ सँग सम्बन्धित विवरण - अनुसूची -८

| **वडा नं** | **प्रथम त्रैमासिक** | **दोश्रो त्रैमासिक** | **तेश्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | **जम्मा रु** |
|---|---|---|---|---|---|
| १ | २९१११८५ | २९८४३०६ | २९७८५६२ | २९७१४११ | ११८४५४६५ |
| २ | ३३११३८७ | ३३६६२०२ | ३४३९६९८ | ३४२१११४ | १३५३८४०३ |
| ३ | ३०८५९५८ | ३१५०९२३ | ३१९३१२४ | ३१८०७३३ | १२६१०७४१ |
| ४ | ३३९२३०५ | ३४३४७१४ | ३५४७३०६ | ३४३२६२६ | १३८०६९५५ |
| ५ | २६२१६०० | २६६६१३६ | २६८९५९५ | २६५६१८५ | १०६३३५२१ |
| ६ | १७८५७८५ | ३१२६३४४ | २५०८६९८ | २५११५३१९ | ९९३६१५२ |
| ७ | २५६५९०७ | २६८६३०६ | २६५६६५९ | २६२०८५२ | १०५२९७३१ |
| ८ | ३९२९११२ | ३९५४८७५ | ३९४३९९९ | ३९५६७६५ | १५७८४७५९ |
| ९ | ४२७३१३९ | ४३२२१६२ | ४५३१२८९ | ४४६११३६ | १७५८७७३५ |
| **जम्मा रु** | **रु २७८७६३७८।००** | **रु २९६९१९६८।००** | **रु २९४८८९३०।००** | **रु २९२१६१४१।००** | **रु ११६२७३४१७।००** |